NABIL BANK®

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

मिति : २०८१/०५/०२

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
शान्तिमार्ग, भद्रकाली
काठमाडौं ।

**विषय : विशेष साधारणसभाको सूचना एवं शेयरधनी दर्ता किताब बन्द हुने सम्बन्धमा ।**

महोदय,

उपर्युक्त सम्बन्धमा यस बैंक सञ्चालक समितिको मिति २०८१/०४/२७ को निर्णयानुसार मिति २०८१ साल भाद्र १७ गते सोमबार(तदनुसार २ सेप्टेम्बर, २०२४) का दिन बस्ने बैंकको बिशेष साधारण सभा तथा विशेष साधारण सभा प्रयोजनका लागि मिति २०८१/०५/०७ गते १ (एक) दिन शेयरधनी दर्ता किताब बन्द (Book Closure) हुने व्यहोरा समेतको **'नबिल बैंक लिमिटेडको विशेष साधारण सभा सम्बन्धी सूचना'** मिति २०८१/०४/३२ गतेको आर्थिक अभियान दैनिकमा प्रकाशन भएको व्यहोरा जानकारी गराउँदै उक्त सूचनाको विवरण यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

भवदीय,

NABIL BANK Head Office Teendhara, Kathmandu

विश्वप्रकाश पौडेल
कम्पनी सचिव

P.O. Box 3729 Teendhara, Durbarmarg, Kathmandu, Nepal
977-1-4227181, 4221718 977-1-4226905 info@nabilbank.com www.nabilbank.com NARBNPKA

# नबिल बैंक लिमिटेडको विशेष साधारण सभा सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरू,

नबिल बैंक लिमिटेडको मिति २०८१ साल श्रावण २७ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम बैंकको विशेष साधारण सभा निम्न लिखित मिति, समय र माध्यमबाट नबिल बैंक लिमिटेड, केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौंमा देहायका विषयहरू उपर छलफल गरी निर्णय गर्नका लागि बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ तथा बैंकको नियमावलीको नियम ४(३)को व्यवस्था अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र माध्यम :**

**मिति :** वि.सं. २०८१ साल भाद्र १७ गते, सोमबार (ई.सं. ०२ सेप्टेम्बर २०२४) ।

**समय :** बिहान ११:०० बजेदेखि ।

**माध्यम :** अनलाईन प्रविधि ZOOM मार्फत् Virtual माध्यमबाट ।

**छलफलका विषयहरू :**

**क) विशेष प्रस्तावहरू :**

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम देहाय बमोजिमको व्यवस्था तथा शर्तहरू सहित प्रति शेयर रू. १०० का दरले रू. ५ अर्ब रूपैयाँ बराबरको **"नबिल ८% अविमोच्य असञ्चिति अग्राधिकार शेयर"** सम्बन्धित नियमनकारी निकायको स्विकृति पश्चात् जारी गर्ने प्रस्ताव पारित गर्ने ।

२) बैंकको अधिकृत पूँजी रू.२८,००,००,००,०००/- (अक्षरेपी रू. अठ्ठाईस अर्ब मात्र) रहेकोमा अग्राधिकार शेयर जारी गरे पश्चात् अधिकृत पूँजी रू. ३३,००,००,००,०००/- (अक्षरेपी तेत्तीस अर्ब रूपैयाँ मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने ।

३) बैंकको जारी तथा चुक्ता पूँजी रू.२७,०५,६९,९६,७२९/२६ (अक्षरेपी सत्ताइस अर्ब पाँच करोड उनन्सत्तरी लाख छयान्नब्बे हजार सात सय उनन्तीस रूपैयाँ छब्बीस पैसा मात्र) रहेकोमा अग्राधिकार शेयर जारी गरे पश्चात् जारी तथा चुक्ता पूँजी रू.३२,०५,६९,९६,७२९/२६ (अक्षरेपी बत्तीस अर्ब पाँच करोड उनन्सत्तरी लाख छयान्नब्बे हजार सात सय उनन्तीस रूपैयाँ छब्बीस पैसा मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने ।

४) प्रबन्धपत्रको दफा ४(२९), दफा ५ को (१), (२), (३) तथा दफा ६ को (१) र (२) र नियमावलीको नियम ५ र २४ मा रहेको विद्यमान व्यवस्थामा आवश्यक संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।

५) प्रबन्धपत्र र नियमावलीमा संशोधन, अग्राधिकार शेयर जारी/दर्ता/सूचीकरण गर्ने लगायत सोसंग सम्बन्धित कार्यहरू स्वीकृतीको क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायहरूबाट कुनै विषय, शर्तहरू लगायतमा संशोधन/फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार थपघट, परिमार्जन, संशोधन, भाषागत लगायत अन्य सुधार समेतका लागि सञ्चालक समिति (वा सञ्चालक समितिले तोकेको व्यक्ति) लाई अख्तियारी दिने ।

सञ्चालक समितिको निर्णायानुसार
कम्पनी सचिव

**विशेष साधारण सभा सम्बन्धी सामान्य जानकारी**

१. विशेष साधारण सभामा भाग लिने प्रयोजनका लागि बैंकको शेयर दाखिल खारेजको काम मिति २०८१/०५/०७ गते एक दिन शेयरधनी दर्ता पुस्तिका बन्द गरिनेछ ।

२. अनलाईन प्रविधि ZOOM मार्फत् विशेष साधारण सभामा सहभागी हुने व्यवस्था सम्बन्धमा:

क. अनलाईन प्रविधि ZOOM मार्फत् सभामा सहभागी हुन र आफ्नो मन्तव्य राख्न सकिने व्यवस्था मिलाइएको व्यहोरा जानकारी गराउँदै अनलाईन ZOOM मार्फत् उपस्थित हुन सकिने बेहोरा शेयरधनी महानुभावहरूलाई अनुरोध गर्दछौं ।

ख. Online मार्फत् विशेष साधारण सभामा सहभागी हुनका लागि यस बैंकका शेयरधनी महानुभावहरूले आफ्नोनाम, शेयरधनी नम्बर वा DMAT AC/BOID No. (आफ्नो ईमेल ठेगाना सहित) कम्तीमा १ दिन अगावै Meeting ID र Password का लागि यस बैंकको शेयर रजिष्ट्रार श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लि. को इमेल ठेगाना rta@nabilinvest.com.np मा अनुरोध गर्नु पर्नेछ । शेयरधनीहरूको पहिचान पश्चात् निजहरूलाई Meeting ID र Password उपलब्ध गराईनेछ । यस सम्बन्धी थप जानकारी बैंकको वेबसाइटमा प्रकाशन गरिनेछ ।

ग. विशेष साधारण सभा शुरू हुनुभन्दा १ घण्टा अगाडिबाट ZOOM खुल्ला गरिनेछ ।

३. ZOOM मार्फत् सहभागिताका लागि शेयधनी महानुभावले आफ्नो ZOOM Login ID मा DMAT Account No. वा शेयरधनी नं. स्पष्ट खुल्ने गरी उल्लेख गर्नुपर्नेछ ।

४. सभामा भाग लिनको लागि आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले आफ्नो सम्पूर्ण शेयरको एउटै प्रतिनिधि हुने गरी प्रोक्सी फाराम भरी सभा शुरू हुनुभन्दा कम्तीमा ७२ घण्टा अगाडि अर्थात् मिति २०८१/०५/१४ का दिन ११:०० बजेभित्र नबिल ईन्भेष्टमेण्ट बैकिङ्ग लि., नारायणचौर, नक्सालमा दर्ता गरिसक्नु पर्नेछ । उक्त दिन सार्वजनिक बिदा परेको खण्डमा पनि उल्लिखित प्रयोजनको निमित्त उक्त कार्यालय खुल्ला रहनेछ । बैंकका शेयरधनीलाई मात्र प्रोक्सी नियुक्त गर्न सकिनेछ तथा एकभन्दा बढी व्यक्तिलाई शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्याएर दिइएको प्रोक्सी बदर हुनेछ ।

५. सभामा भाग लिन र मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि प्रतिनिधि फेरबदल गर्न चाहेमा सभा शुरू हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि अर्थात् मिति २०८१/०५/१५ का दिन बिहान ११:०० बजेभित्र श्री नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लि., नारायणचौर, नक्सालमा प्राप्त हुने गरी सो को सूचना पठाउनु पर्नेछ । उक्त दिन सार्वजनिक बिदा परेको खण्डमा पनि उल्लिखित प्रयोजनको निमित्त उक्त कार्यालय खुल्ला रहनेछ ।

६. सयुक्त रूपमा शेयर ग्रहण गर्ने शेयरधनीहरूको हकमा शेयरधनीको लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्तिले वा सयुक्त नाम मध्येबाट सर्वसम्मतिमा नियुक्त कुनै एकजना शेयरधनीले वा सर्वसम्मतिबाट नियुक्त प्रोक्सीले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछ । कम्पनीको हकमा आधिकारिक पत्रसहित उपस्थित हुनु पर्नेछ ।

७. छलफलको विषय अन्तर्गत विविध शीर्षकको सम्बन्धमा शेयरधनी महानुभावहरूले कुनै विषय उपर छलफल गर्न चाहनु भएमा सो विषय बारे सभा हुनुभन्दा ७ (सात) दिन अगावै कम्पनी सचिव मार्फत् बैंक सञ्चालक समितिका अध्यक्षलाई लिखित जानकारी दिनु पर्नेछ ।

८. शेयरधनी महानुभावहरूलाई अनलाईन प्रविधि ZOOM मार्फत् विशेष साधारण सभामा बढी भन्दा बढी सहभागिताका लागि सादर अनुरोध गरिन्छ ।

NABIL BANK®

प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन न. ०१-५९७१८७१

री सम्पादक : पृथ्वीमान श्रेष्ठ पाञ्चायनमार्ग, थापाथली, काठमाडौं पो.व.नं. १४१९७, फोन-०१-५३६७७१७ इमेल : editorial@abl